स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



शंकर घिमिरेको लेखन तथा निर्देशनमा मा तयार भएको फिल्म 'तेल भिसा'को पहिलो गीत सार्वजनिक गरिएको छ । सोमबार कृष्ण जन्माष्टमीको अवसर पारेर सार्वजनिक 'हरि नाम भजैं' बोलको गीतमा फिल्मका प्रमुख पात्रहरुको खुसी र पीडालाई दर्शाइएको छ। कल्याण सिंहको संगीतमा तयार भएको गीतमा हर्क साउदको शब्द रचना छ भने निशान भ राई र समीरा थपलियाको गायन छ ।

**आजको विचार...**



नेपालमा...
(दुई पेजमा)

गम्भीरबहादुर हाडा

छोरा र छोरीबीच गरिने विभेदको कथामा बनेको फिल्म 'सतीदेवी'ले व्यापारमा सुधारको लागि संघर्ष गरिरहेको भए पनि प्रतिक्रिया राम्रो मिलेको छ । जो जतिले पनि फिल्म हेरेका छन्, प्रशंसा नै गरेका छन् । कथावस्तु र कलाकारको अभिनयले दर्शकहरुलाई प्रभावित बनाएको देखिन्छ । सामाजिक सञ्जालमा फिल्मको प्रशंसा गर्दै स्टाटस लेख्नेदेखि भावुक हुँदै भिडियो बनाउने समेत देखिएका छन् । केही दिनअघि सुजा चोङबाङ लिम्बू नाम गरेकी एक महिला दर्शकले 'सतीदेवी' हेरेपछि फेसबुकमा एक भिडियो पोस्ट गर्दै आफूलाई फिल्मको हरेक दृश्यले भावुक बनाएको प्रतिक्रिया जनाएकी छन्।



❒ वर्ष ३० ❒ अंक ४३ ❒ २०८१ भदौ १२ गते बुधबार 28 August 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पामा निकालियो भगवती रथयात्रा

## राष्ट्रपति पौडेलले गरे रथयात्रा अवलोकन, दिए राष्ट्रिय पर्व घोषणा गर्ने आश्वासन, पाल्पा दरबारलाई समेत विश्व सम्पदा सूचिमा सूचिकृत गर्न पहल गर्ने

**रामचन्द्र रायमाझी**

**पाल्पा**, भदौ ११/पाल्पाको तानसेनमा मंगलबार ऐतिहासिक भगवती रथ यात्रा निकालिएको छ । नेपालले अंग्रेजलाई युद्धमा हराएको सम्झनामा वीरताको प्रतिकको रुपमा सिन्दुर जात्रा गरी २ सय ५ औं भगवती रथयात्रा निकालिएको हो ।

पाल्पाको सदरमुकाम तानसेनमा हजारौं जात्रालु जिल्ला र जिल्लाबाहिरवाट आएका थिए । जात्राका अवसरमा तानसेन, भगवतीटोलमा रहेको श्री ७ रणउज्जेश्वरी भगवतीको मूर्ति रथमा राखेर सिन्दुर जात्रा गरिएको थियो । बजारमा जय जयकारको गुञ्जनसहित भगवतीको रथयात्रा निकालिएको थियो । कुमाल जातीका जवानले १२ बजेर ३० मिनेटमा भगवतीको प्रतिमुर्ती राखिएको रथलाई उठाएर नगर परिक्रमा गराएका थिए । भगवतीको रथको दुवैतिर तेर्साईएका दुई बलिया नोलहरुलाई काधमा बोकी जयजयकारको गुञ्जन ध्वनी र बन्दुकको बडाईका साथ मुर्तीलाई रथमा राखेर नगर परिक्रमा गरिएको थियो ।









रथयात्राको राष्ट्रपति रामचन्द्र पौडेलले अवलोकनसहित पूजाआजा गरे । राष्ट्रपति पौडेलले रथयात्रा (खटयात्रा) दर्शनका साथै भगवती मन्दिर पुगेर भगवतीको पूजाआराधना गरी मूल पूजारीबाट फूल प्रसाद टीका ग्रहण गरेका थिए । भगवती मन्दिर परिसरमा राष्ट्रपति पौडेललाई लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, लुम्बिनी प्रदेशसभाका सभामुख तुलाराम घर्ति, पाल्पाबाट निर्वाचित संघीय सांसद ठाकुर गैरे, नारायण आचार्य तथा लुम्बिनी प्रदेशसभाका आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्की, स्वास्थ्य मन्त्री खेम सारु, उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपाने, प्रदेशसभा सदस्य बीरबहादुर राना, जिल्ला समन्वय प्रमुख टंकनाथ खनाल, पाल्पाका प्रमुख जिल्ला अधिकारी आनन्दप्रसाद काफ्ले, तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठलगायतले स्वागत गरेका थिए । रथयात्रामा राष्ट्रपति पौडेलसहित रक्षामन्त्री मानवीर राई, संस्कृति, पर्यटन तथा नागरिक उड्यनमन्त्री बद्रीप्रसाद पाण्डे, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, जनप्रतिनिधिहरु र कर्णेल उजिर सिंह थापाका परिवार सहित हजारौं भक्तजनहरुको समेत सहभागीता रहेको थियो । जात्राको राष्ट्र प्रमुखबाट अवलोकन भएको यो पहिलो पटक हो । राष्ट्रपति पौडेलले पाल्पाको भवती रथयात्रालाई राष्ट्रिय पर्वको रुपमा घोषणा गर्ने र दरबार संग्रहालयलाई विश्व सम्पदा सूचीमा सूचिकृत गर्न चासो देखाएका छन् । उनले रथयात्रालाई अब प्रदेशस्तरीयबाट राष्ट्रिय पर्वका रूपमा घोषणा गर्ने सरकारी तयारी चाँडै पुरा हुने विश्वास व्यक्त गरेको राष्ट्रपतिका प्रेस सल्लाहाकार किरण पोखरेलले बताएका हुन् । उनले पत्रकारहरूसँग कुरा गर्दै राष्ट्रपति पौडेलले पाल्पा दरबार र त्यहाँ निर्मित संग्रहालयसहित समग्र दरवार परिसरलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने र त्यसलाई विश्व सम्पदा सूचीमा सूचिकृत गर्ने चाहना र प्रयासलाई मूर्त रूप दिन सरकारको ध्यानाकर्षण गराएको बताए । प्रेस सल्लाहाकार पोखरेलका अनुसार राष्ट्रपति पौडेलले रणउजेश्वरी भगवतीको मन्दिर पुरानै शैलीमा तीन तले बनाउन पुरातात्विक विभागले गरेको सिफह्रारिस कार्यान्वयन गर्न सम्बद्ध निकायको ध्यानाकर्षण गराएका छन् । रथयात्रामा जिल्लाका सरकारी कार्यालयहरु, संघसंस्था, समूहरु सबै रथयात्रासँगै सदरमुकाम तानसेन परिक्रमा गरेका थिए ।

रथ यात्रालाई भजनकिर्तन, पञ्चेबाचा, सहितको साँस्कृतिक झाँकी न्यालीले तानसेन नगर परिक्रमा गराइएको थियो । जात्रामा सहभागिताका लागि गुल्मी, अर्घाखाँची, स्याङ्जा, पर्वत, कास्की, रुपन्देही, काठमाडौं लगायतका जिल्लाबाट श्रद्धालु भक्तजनहरु पाल्पा आएका थिए ।

-बाँकी अन्तिम पेजमा...

## संक्षिप्त समाचार

### जापानमा चक्रवातका कारण उडान र रेल सेवा अवरुद्ध

(रासस/एएफपी)

**टोकियो,** भदौ ११/दक्षिण जापानतर्फ मंगलबार भारी वर्षासँगै आएको एउटा शक्तिशाली चक्रवात दक्षिणी जापानतर्फ अघि बढेसँगै देशको उडान र रेल सेवाहरु अवरुद्ध भएका छन् ।

'टाइफुन सानसान' प्रति घण्टा २१६ किलोमिटरको गतिले दक्षिणी अमामी द्वीपसमूहतर्फ अघि बढिरहेको मौसम पूर्वानुमानकर्ताले बताएका छन् । भारी वर्षाका कारण हामामात्सु र टोयोहाशीको मध्यशहरमा बुलेट रेल सेवा अवरुद्ध गरिएको थियो । जापान एयरलाइन्सले मंगलबार र बुधबार ११६ वटा आन्तरिक उडान र ६ वटा अन्तर्राष्ट्रिय उडानहरू रद्द गर्ने बताएको छ ।

मध्य सिजुओका क्षेत्रमा भारी वर्षा र सम्भावित भूस्खलन र दक्षिणी अमामी क्षेत्रमा आँधीको चेतावनी दिँदै जापान मौसम विज्ञान विभागले त्यहाँका बासिन्दालाई सम्भावित खतरनाक ठाउँमा नबस्न आग्रह गरेको छ । 'टाइफुन सानसान' यस हप्ताको अन्त्यमा मुख्य दक्षिणी टापु क्युशुतर्फ लाग्ने अपेक्षा गरिएको छ । जापानमा आएको आँधीले यस महिना सयौं उडान र रेल सेवा अवरुद्ध गरेको छ । भारी वर्षाको बावजुद टाइफुन सानसानले टोकियो सहर पार गरी प्रशान्त तटतर्फ अघि बडेकाले सहरमा सामान्य क्षति पुगेको छ । तटीयरेखाको नजिकमा रहेका क्षेत्रमा बारम्बार आँधी आइरहेको र जलवायु परिवर्तनका कारण यसको प्रभाव तीव्र र लामो समयसम्म रहने गत महिना जारी एक अध्ययनले जनाएको छ ।

## भू-क्षय न्यूनीकरणका उपाय

- वस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं,
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा वसौं,
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं,
- जमिन चिरा परेको स्थानलाई पुरौं र सजगता अपनाऔं,
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं,
- जथाभावी डोजर / स्काभेटर प्रयोग नगरौं,
- विकास गर्दा विनास ननिम्त्याऔं ।

## भगवती मन्दिरको पुनर्निर्माण छिट्टै गर्छौं: मुख्यमन्त्री आचार्य

**पाल्पा,** भदौ ११/लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले पाल्पाको ऐतिहासिक श्री ७ रणउज्जेश्वरी भगवती मन्दिरको पुनर्निमार्ण छिट्टै गर्ने बताएका छन् । मंगलबार नेपाल पत्रकार महासंघ पाल्पाले आयोजना गरेको सम्मान तथा पुरस्कार वितरण समारोहलाई तानसेनमा सम्बोधन गर्दै उनले प्रदेश सरकारले मन्दिरको पुनर्निमार्ण छिट्टै गर्ने प्रतिवद्धता व्यक्त गरेका हुन् ।

मन्दिरको पुनर्निर्माणको लागि तयार भएको डिपीआरलाई आगामी वर्षको कार्यक्रममा समावेश गरिने मुख्यमन्त्री आचार्यले बताए । उनले यस बर्ष प्रदेश सरकारले मन्दिर मर्मतको लागि २० लाख बजेट विनियोजन गरेको भन्दै त्यसमा बजेट थपेर काम गर्ने उल्लेख गरे । मुख्यमन्त्री आचार्यले भने 'हामीले बजेटको व्यवस्थापन गर्छौं, यसमा तपाईहरु ढुक्क हुनुहोस्, अहिले कति गर्न सक्छौं गर्छौं, त्यो २० लाखमा पनि थपेर काम गर्छौं र आगामी वर्ष बाँकी






रहेको काम पनि गर्छौं, यो गौरवको आयोजना गर्ने दायित्व प्रदेश सरकारको हो । हाम्रो बुझाईका कारण केही समस्या आएकाले बजेटको कमी भएको हो ।' पाल्पाको ऐतिहासिक परम्पराले धर्म, संस्कृति, परम्परा तथा इतिहासलाई जोगाइरहेको भन्दै मुख्यमन्त्री आचार्यले रथ यात्रालाई प्रदेश सकारले सांस्कृतिक सहकार्य, भाइचारा र एकताको प्रतिकको रूपमा लिएको समेत उल्लेख गरेका छन् । कार्यक्रममा पत्रकार महासंघ पाल्पाका संरक्षक मेघराज शर्मा, लुम्बिनी प्रदेशका सभामुख बसन्त घर्ती मगर, संघीय सांसदहरु ठाकुर गैरे, नारायण आचार्य, लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेम सारु, आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्की, प्रदेश सांसद तथा पूर्वमन्त्री वीरबहादुर राना, नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठ,अक्षयकोषदाता तथा रामपुर नगरपालिकाका नगर प्रमुख रमण बहादुर थापा, जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनाल, प्रमुख जिल्ला अधिकारी आनन्द काफ्ले, अक्षयकोषदाता तथा लुम्बिनी मेडिकल कलेजका अध्यक्ष गोपाल पोखरेल, महासंघका सल्लाहकार राजेश कुमार अर्याल, पुरस्कार छनोट समितिका संयोजक तथा महासंघका सल्लाहकार गोविन्द भट्टराई लगायतले सरकारका कमीकमजोरी, विकृति, विसंगतीका बारेमा खुलेर कलम चलाउन आग्रह गरेका छन् । सोही अवसरमा प्रदेश स्वास्थ्य मन्त्री खेम सारुले आफ्नो बुवाको स्मृतिमा शिक्षा र स्वास्थ क्षेत्रमा कलम चलाउने पत्रकारहरुका लागि २५ हजार ५ सयको अक्षयकोषको स्थापनाको घोषणा गरे ।

नेपाल सरकार

विज्ञापन बोर्ड

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मंकिपक्स फैलिन नदिन पूर्वतयारीमा जोड देऊ

कोरोना महामारीले केही समय अक्रान्त बनाएको विश्वलाई फेरी मंकिपक्स संक्रमणले सताउन थालेको छ । यति बेला अफ्रिका र कंगोलाई मंकिपक्सले सताएको छ । त्यसबाहेक अन्य देशमा पनि यो क्रमशः सल्किरहेको छ । १६ हजार ६ सय जनामा मंकिपक्स संक्रमण पुष्टि हुनुले यसको तीव्र फैलावट बुझन सकिन्छ । यसको घातक प्रभावबाट पाँच सय ३७ जनाको मृत्यु भइसकेको छ । यो आफैंमा भयावह अवस्था हो । यस अर्थमा पनि यसलाई सामान्य मान्न सकिन्न ।

अब यसले नेपालमा पनि आफ्नो प्रभाव फैलाउने सम्भावना रहेको विज्ञहरूको आशंका छ । आजको दिनमा विश्वको कुनै पनि कुनामा फैलिएको रोग अर्को कुनामा सजिलै पुग्न सक्छ । यसकारण पनि मंकिपक्सप्रति नेपाल अहिल्यै चिन्तित हुनुपर्छ । यो सरुवा मात्र छैन घातक पनि छ । त्यसैले मंकिपक्स ग्रस्त मुलुकबाट फर्किएका नेपाली तथा त्यहाँबाट आउने विदेशीले यसलाई सजिलै नेपाल ल्याउन सक्ने खतरा छ । तर, नेपाल भने यसबारे केही सोचेजस्तो र जोखिम नियन्त्रण र प्रतिकार्यका लागि तयारीमा देखिन्न । जबकि अफ्रिकी मुलुकहरूमा यो रोगले कैयौंको ज्यान लिइसकेको छ । छिमेकी पाकिस्तानसम्म यो रोग देखा परिसक्यो । अब भारतसँग खुला सीमा भएको नेपाल भित्रिन बेर नलाग्न सक्छ । कोभिडभन्दा मंकिपक्स खतरनाक छ । सासकै माध्यमबाट यो एकअर्कामा सर्छ । एउटै ओच्छ्यान प्रयोग गर्दा पनि सर्छ । झन् छुँदा र म्वाइँ खाँदा सर्ने भइहाल्यो । ज्वरो नै मंकिपक्सको पहिलो लक्षण हो । ज्वरोपछि छाला, अनुहार, हत्केला र पैतालाहरूमा बिबिरा (डाबर)हरू देखा पर्छन् । मांसपेशीहरू दुख्ने र संक्रमण जटिल बन्दै र बढ्दै जाँदा दृष्टि गुम्न सक्छ, निमोनिया हुन्छ, मस्तिष्कमा असर पुर्‍याउँछ र अन्तमा ज्यानै पनि जान्छ । यसर्थ यस्ता महामारीबाट जोगिन आ-आफ्नो ठाउँबाट सचेतता र सावधानी अपनाउनु आवश्यक छ । सरकारले पनि नीति, नियमसँगै स्वास्थ्य सेवा चुस्त दुरुस्त पार्ने, सकेसम्म रोग भित्रिन नदिने र भित्रिइहाले नागरिकको स्वास्थ्योपचार गर्ने आवश्यक पूर्व तयारी अहिलेदेखि नै गर्न जरुरी छ ।

### Opinion @ Social Network

एक रुपैयाँको महत्व बुझ्नेले !
करोडौं कमाएनी घमण्ड गर्दैनन् ।
*(कृष्ण अर्यालकोफेसबुक स्टाटसबाट https://www.facebook.com/Krishna.Aryal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालमा सूचना प्रविधिको महत्व, विकास तथा समस्या र सुझाव



गम्भीरबहादुर हाडा

*सूचना भन्नाले विचार जानकारी, दृष्टिकोण, सोचाइ, भावना आदिको आदान प्रदान गर्ने एक प्रक्रिया हो । सूचना प्रक्रियामा दुई पक्षहरूको बीचमा जानकारी आदान प्रदान हुन्छ । सूचनाको उद्देश्य त्यसबेला मात्र सफल भएको मानिन्छ जब प्रेषाकले जस्तो किसिमको अर्थ लगाएर सन्देश पठाएको छ । प्रापकले पनि त्यस्तै अर्थ लगाएर बुझ्न सकोस् । सन्देशको अर्थ दुवै पक्षहरूमा समान हुनुका साथै प्रेपकले जुन उद्देश्य पूरा गर्न सन्देश पठाएको छ प्राप्त गर्नेले पनि त्यसै उद्देश्य अनुसारको कार्य गर्न खोजेको हुनुपर्दछ । सूचनामा तीनवटा तत्वहरू समावेश भएका हुन्छन, ती हुन् स्रोत, सन्देश र प्रापक सूचना प्रक्रिया पूरा हुनका लागि यी तीन तत्वहरूको उपस्थिति हुनु आवश्यक छ ।*

विज्ञान र प्रविधिको माध्यमबाट आज विश्वमा टाढा-टाढा छरिएर रहेका राज्यहरू पनि नजिक हुन पुगेका छन् । सूचनाको माध्यम रेडियो, टिभी र पत्रपत्रिका टेलिफोन फ्याक्स आदिबाट हामी कोठामै बसेर संसारका गतिविधि अवगत गर्न सक्छौं । मोटर, हवाइजहाज आदिबाट हामी एक ठाउँबाट अर्को ठाउँमा छोटो समयमा पुग्न सक्दछौं । विभिन्न किसिमका सूचना माध्यमबाट हामी राष्ट्रिय र अन्तर्राष्ट्रिय गतिविधिसित सम्बन्धित रहेका छौं । सूचना भन्नाले भाषा, हाउभाउ, इसारा, चित्रज्ञान, तथ्यांक, रंग, नक्सा र क्रियाकलाप आदि विभिन्न माध्यमबाट दुई व्यक्ति वा समूहबीच गरिने सूचना र जानकारीलाई जनाउँछ । लेखक, हेराइ स्पर्श, संकेत चार्ट र डायग्राम आदिबाट पनि सूचनाको प्रवाह हुने गर्दछ । बुझाउन खोज्नेले राम्ररी बुझाउनु र बुझ्नुपर्नेले बुझ्नुमा सूचनाको धारणा अडेको छ । सञ्चार एक व्यक्तिबाट अर्को व्यक्तिमा सूचना तथा ज्ञान पुऱ्याउने प्रक्रिया हो । निमन/समर का भनाइमा सूचना 'दुई वा दुईभन्दा बढी व्यक्तिहरूद्वारा तथ्य विचार, धारणाको विनिमय हो ।' सूचना केवल मानिसहरूबीचमा विचारको आदान प्रदान हो । यदि एकजनाले आफ्नो कुरा बुझ्ने गरी अर्कोलाई भन्छ भने त्यो क्रिया नै सूचना हो । सूचना तबसम्म सार्थक हुँदैन जबसम्म यसले सूचित गर्दैन । सूचना एक प्रकासकीय प्रक्रियाद्वारा अर्थहरू धारण गरिन्छन् र एक जानकारीमा पुगिन्छ । राष्ट्रको चौथो अंगको रूपमा रहने सञ्चार क्षेत्रलाई सबैले संवेदनशील क्षेत्रको रूपमा स्वीकार गरेका छन् । सूचना भन्नाले विचार जानकारी, दृष्टिकोण, सोचाइ, भावना आदिको आदान प्रदान गर्ने एक प्रक्रिया हो । सूचना प्रक्रियामा दुई पक्षहरूको बीचमा जानकारी आदान प्रदान हुन्छ । सूचनाको उद्देश्य त्यसबेला मात्र सफल भएको मानिन्छ जब प्रेषकले जस्तो किसिमको अर्थ लगाएर सन्देश पठाएको छ । प्रापकले पनि त्यस्तै अर्थ लगाएर बुझ्न सकोस् । सन्देशको अर्थ दुवै पक्षहरूमा समान हुनुका साथै प्रेपकले जुन उद्देश्य पूरा गर्न सन्देश पठाएको छ प्राप्त गर्नेले पनि त्यसै उद्देश्य अनुसारको कार्य गर्न खोजेको हुनुपर्दछ । सूचनामा तीनवटा तत्वहरू समावेश भएका हुन्छन, ती हुन् स्रोत, सन्देश र प्रापक सूचना प्रक्रिया पूरा हुनका लागि यी तीन तत्वहरूको उपस्थिति हुनु आवश्यक छ । सामान्यतया सूचना प्रविधि भन्नाले कम्प्युटर, सूक्ष्म, विद्युतीय यन्त्र दूर सञ्चारको एकीकृत प्रविधिलाई बुझाउँछ । सन् १९०६ को दशकपछि निकै गति लिन सफल माइक्रोचीव र माइकको प्रोसेसरको विकास स्वरूप कम्प्युटरको चलनले गति लिए पश्चात् सूचना प्रविधिले पनि विस्तारै आफ्नो बाटो बनाउन सुरु गरेको हो । सूचना प्रविधिको अर्थ गतिमा मात्र सीमित भने छैन । साधारणतया कहिलेकाही सूचना प्रविधिको समग्र स्वरूपलाई समेट्न सक्दैन । बहुसञ्चार ओभरहेड प्रोजेक्टर स्क्यानर डिम्लेक्ग सिप्टग, नेटवर्किङ कम्प्युटर ज्यास्डोच इत्यादि डिजिटल इलेक्ट्रोनिक साधनयुक्त प्रविधिलाई एकीकृत रूपमा उपयोग गर्ने प्रमुख माध्यमको रूपमा कम्प्युटर रहेको हुन्छ । हामी सूचना प्रविधि भन्न सक्छौं । यसको प्रमुखकारण भनेको त्यसले कुनै तथ्ययुक्त सूचना वा तथ्यांगको भण्डार र प्रसारण गर्न सक्षम पनि हुनुपर्छ । प्रविधिमात्र जडित भएर यसको उद्देश्य पूरा हुँदैन । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट सूचना प्रविधि प्रणालीमाथि भइरहेका साइबर आक्रमणको प्रतिरक्षा सुनिश्चित गर्नुपर्ने भएको छ । नागरिक अधिकारका विश्वव्यापी मान्यता, नेपालको संविधान प्रदत्त मौलिक हकप्रतिको प्रतिबद्धतासमेतलाई कार्यान्वयन गर्न राष्ट्रिय साइबर सुरक्षा नीति आवश्यक छ । यस सन्दर्भमा सूचना प्रविधि प्रणालीमा साइबर आक्रमणबाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्न र भविष्यमा हुनसक्ने आक्रमणबाट सुरक्षित रहन साइबर सुरक्षासम्बन्धी राष्ट्रिय नीति तर्जुमा गरिएको छ । नेपालमा पहिलो पटक विसं२०२८ सालको राष्ट्रिय जनगणनाको तथ्यांग प्रशोधनका क्रममा कम्प्युटर प्रविधिको प्रयोग भएको हो । २०३१ सालमा कम्प्युटरसँग सम्बन्धित पहिलो संस्था सेन्टर फर इलेक्ट्रोनिक डाटा प्रोसेसिंगको स्थापना भयो जसको नाम पछि परिवर्तन भएर राष्ट्रिय कम्प्युटर केन्द्र भएको हो । राष्ट्रिय सञ्चार नीति, २०४९, दूरसञ्चार ऐन, क्षेत्र २०५३ र दूरसञ्चार नियमावली, २०५४ लागू भएपश्चात् मुलुकमा दूरसञ्चार खुला एवं प्रतिस्पर्धी युगमा प्रवेश गरेको हो । विसं २०५७ सालमा लागू भएको सूचना प्रविधि नीतिले सूचना प्रविधिलाई देश विकासको बृहत्तर लक्ष्य हासिल गर्ने औजारको रूपमा स्थापित गर्ने अवधारणा अघि सारेको थियो । त्यसैगरी, सूचना प्रविधिको उपयोगबाट सामाजिक एवम् आर्थिक विकासका लक्ष्यहरू हासिल गर्दै गरिबी न्यूनीकरण गर्ने लक्ष्यका साथ सूचना प्रविधि नीति, २०६७ जारी गरियो । उक्त नीतिमा सूचना प्रविधिको प्रयोगमा सूचनाको सुरक्षा एवं तथ्यांकको गोपनीयतालाई सुदृढ गरिने विषयलाई जोड दिइएको थियो । सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ मा सूचना प्रविधिको प्रयोगमा सुरक्षा एवं विश्वासको प्रत्याभूति गरिनेह साइबर अपराधको रोकथाम तथा अभियोजन प्रणालीको विकास गरिनेह साइबर आक्रमण पहिचान, रोकथाम, प्रतिरक्षालगायत आयामहरूलाई सम्बोधन गर्ने कुरामा जोड दिइएको छ । आवधिक योजनाहरूमा समेत साइबर सुरक्षाका विषयलाई जोड दिइएको छ । सार्वजनिक तथा निजी क्षेत्रसमेतबाट साइबर सुरक्षाका क्षेत्रमा केही कार्यहरू भइरहेका छन् । विकासका संवाहक एवं उत्प्रेरकको रूपमा रहेको भनी सञ्चार र सूचना प्रविधिको क्षेत्रलाई परिभाषित गरिएको छ । यसले दिगो विकासको लक्ष्य प्राप्तिका लागि सबैले धान्न सक्ने गरी इन्टरनेटको पहुँचमा उल्लेख्य वृद्धि गर्ने उल्लेख गरेको छ । आधारपत्रले दूर सञ्चार सेवामा नागरिकहरूको पहुँच पुग्न नसक्नु सूचना प्रविधिको विकास र साइबर सुरक्षाका लागि पर्याप्त संरचनागत ब्यवस्थाको कमी हुनु, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको न्यून उपयोग हुनु, सूचना प्रविधि उद्योग व्यवस्थित नहुनुलाई प्रमुख समस्याका रूपमा उठाएको छ । आधारपत्रले यो क्षेत्रको अवसरलाई पनि सूचीकृत गरेको छ । संविधानले सूचनाको हकको प्रत्याभूति गर्नु, डिजिटल नेपालको अवधारणाले महत्व पाउनु, शिक्षाको पाठ्यक्रमहरूलाई प्रविधिमैत्री बनाउन, प्रविधिको महत्वलाई आत्मसात् गर्नुलाई अवसरका रूपमा लिएको छ । त्यस्तै, थुप्रै निजी क्षेत्रहरूको लगानी वृद्धि हुनु, रोजगारका अवसर सृजना हुनु मोबाइल प्रयोगकर्ता वृद्धि हुनु, सूचना प्रविधिहरू विषयको स्कुलदेखि उच्च शिक्षासम्म अध्ययन अध्यापन हुनु, आमसञ्चारको क्षेत्रमा सूचना प्रविधिको प्रयोग बढ्दै जानु पनि अवसर हुन् । आगामी पाँच वर्षभित्र दुई लाख व्यक्तिलाई रोजगारीको अवसर हुने आँकलन पनि आधारपत्रमा छ । तर, चुनौतीलाई चिर्दै जान र अवसरलाई यथार्थमा बदल्न त्यति सहज भने छैन । त्यसका लागि भने विशेष खालका रणनीतिहरू र कदमहरू चाल्नुपर्ने हुन्छ । राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० राज्यव्यवस्थाको सञ्चालन, विकासको व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह तथा नागरिकका आवक क्रियाकलाप डिजिटल प्रविधिमा निर्भर हुँदै गइरहेको अवस्थामा साइबर सुरक्षा चुनौतीपूर्ण हुँदै गएको छ । दिनानुदिन बढ्दै गइरहेको व्यक्तिगत, संस्थागत डाटा चोरी/दुरूपयोग, सूचना प्रविधि प्रणालीहरूमाथिको अनधिकृत पहुँच, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सूचना प्रविधि प्रणालीमाथि भइरहेका साइबर आक्रमणको प्रतिरक्षा गर्ने विषयलाई सुनिश्चित गर्न साइबर आक्रमणबाट हुनसक्ने क्षति रोक्न, न्यूनीकरण गर्न र भविष्यमा हुनसक्ने यस्ता आक्रमणबाट सुरक्षित रहनु अत्यावश्यक भएको छ । एकातर्फ सुरक्षित सूचना प्रविधिको प्रयोगबाट पारदर्शी एवं प्रभावकारी सार्वजनिक सेवा व्यवस्थापनको अपेक्षा पूरा गर्नुपर्ने अवस्था छ भने अर्कोतर्फ नागरिक अधिकारका विश्वव्यापी मान्यता, नेपालको संविधानले प्रदत्त गरेको मौलिक हक कार्यान्वयन गर्नुपर्ने अवस्थासमेत छ । नेपालमा पहिलो पटक २०२८ सालमा राष्ट्रिय जनगणनाको तथ्यांग प्रशोधनका क्रममा कम्प्युटर प्रविधिको प्रयोग भएको हो । २०३१ सालमा कम्प्युटरसँग सम्बन्धित पहिलो संस्था सेन्टर फर इलेक्ट्रोनिक डाटा प्रोसेसिङ स्थापना भयो जसको नाम पछि राष्ट्रिय कम्प्युटर केन्द्र भएको छ । सूचना प्रविधि र सञ्चारलाई समृद्ध नेपालको आधार बनाउने परिकल्पना गर्दै गर्दा नेपालले समावेशी रूपमा सबै वर्ग, क्षेत्र, लिंग, भाषा र उमेर समूहका नेपालीलाई डिजिटल विकासमा कसरी जोड्ने, इन्टरनेटको अर्थपूर्ण पहुँच कसरी सुनिश्चित गर्ने इन्टरनेटलाई स्वास्थ्य, शिक्षा, सार्वजनिक सेवा प्रवाह, आयआर्जन, साना तथा मझौला व्यवसायको प्रवर्द्धन तथा संरक्षणमा कसरी रणनीतिक रूपमा प्रयोग गर्ने भन्ने बारेमा स्पष्टता प्रदर्शन गर्नु महत्वपूर्ण हुनेछ । त्यसैगरी ई-गभर्नेन्सलाई प्रभावकारी सार्वजनिक सेवा प्रवाह सुनिश्चित गर्न, खुला सरकार र खुला शासन प्रवर्द्धन गर्न, सार्वजनिक जवाफदेहिता सुनिश्चित गर्न र भ्रष्टाचार नियन्त्रणलगायत ईगभर्नेन्सलाई प्राथमिकीकरण गर्न जरूरी छ । त्यसका लागि आवश्यक कानुन तथा संयन्त्रको निर्माण तथा गठन, पूर्वाधार विकास, क्षमता अभिवृद्धिका साथै आमजनतामा सूचना तथा प्रविधि साक्षरता प्रवर्द्धन गर्नुसमेत महत्वपूर्ण हुनेछ । साथै, नेपालले राष्ट्रिय सुरक्षाको एक भागका रूपमा रहेको साइबर सुरक्षाको विषयलाई गम्भीरतापूर्वक लिई आवश्यक पूर्वाधार, नीति नियम, संरचना, क्षमता विस्तार, आवधिक सुरक्षा परीक्षण आदि अवलम्बन गरी डिजिटल प्रणालीको सुरक्षा विश्वसनीयता कायम गर्नु पनि अपरिहार्य छ । यी प्रयासहरूलाई प्राथमिकता दिँदै नेपालले आफ्ना सबै नागरिकका लागि समतामूलक डिजिटल सशक्तीकरणको मार्गप्रशस्त गरेमा सूचना प्रविधि र सञ्चारलाई समृद्ध नेपालको आधार बन्न सक्छ ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सामाजिक क्षेत्रमा धन खर्च हुनेछ । यात्राका सजगता अपनाउनु पर्नेछ । | **तुला** : सानातिना समस्यामा अल्झनुपर्नेछ। पारिवारिक समस्या पनि बढ्न सक्छ । |
| **वृष** : अरूको भर नपरी सही निर्णय लिन सके थप सफलता र अवसर प्राप्त होला । | **वृश्चिक** : धन लाभका योग देखिन्छ । प्रेम जीवन पनि सफल रहनेछ । |
| **मिथुन** : दुष्ट व्यक्तिको संगतिले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला । | **धनु** : आँटेको र ताकेको कार्य पुरा होला। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कर्कट** : समाज सेवामा मन लाग्नेछ । सांगीतिक क्षेत्रमा रुचि पनि बढ्नेछ । | **मकर** : भाग्यले साथ दिनेछ । रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । |
| **सिंह** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । लाभदायी यात्रा पनि हुनेछ । | **कुम्भ** : नियमित खर्चसमेत बढ्ने योग छ, तर साँझमा मन प्रसन्न रहनेछ । |
| **कन्या** : धार्मिक सेवामा मन लाग्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । | **मीन** : आफन्तबाट सहयोग प्राप्त हुनेछ। नयाँ कार्यको थालनी हुनेछ । |

## कला मनोरञ्जन

# नेपथ्य डालासमा दर्शकको भव्य उपस्थिति



'टिकट सबै बिक्री भइसकेको छ', कन्सर्टको दिन बिहान अनलाइनबाट टिकट काट्न खोज्ने दर्शकहरूले अनलाइन टिकट व्यवस्थापन गर्ने 'लाइभ नेसन'को साइटमा यस्तो सन्देश देखे । उता चार हजार दर्शक क्षमताको टोयोटा म्युजिक फ्याक्ट्रीमा नचिताएको उपस्थिति देखेर हेर्न जाने सबै चकित परिरहेका थिए । 'अदभुत !' आश्चर्यमा परेकी इशु पोखरेल भन्दै थिइन्, 'अमेरिकाको एउटै स्थानमा एकै छतमुनि एकसाथ यति धेरै नेपाली देखेकै आज सम्मकै मेरो पहिलो अनुभव हो ।' निर्धारित समयमा ठ्याक्कै सुरु गर्ने ब्यान्डको नीति अनुसारै बेलुकी ठिक साढे आठ बजे मञ्चमा बज्न थालेको नेपथ्यका लोक-रक भाकाहरू लगातार दुई घन्टासम्म चलेको थियो । गीतको तरङ्गसँगै विशाल हलभित्रको भीडमा मानिसका टाउकाहरू पनि लहरजस्तै बगेका देखिन्थे । 'कोशीको पानी यो जिन्दगानी', 'शिरफूल शिरैमा', 'नैनताल' र 'पचासै वर्षमा' जस्ता नयाँ गीतहरूको समेत प्रस्तुति रहेको कार्यक्रममा, 'छेक्यो छेक्यो', 'जोमसोमे बजार', 'रेशम', 'तालको पानी' लगायत नेपथ्यका सार्वकालिक हिट गीत पनि प्रस्तुत गरिएको थियो । नयाँ पुराना सबै गीतमा गायक अमृत गुरुङलाई पूरा हलले कोरसले झैँ साथ दिएको थियो । कन्सर्ट सकिएपछि पनि दर्शकहरूमा उत्साहको लहर कायमै थियो । कन्सर्ट हेर्नकै निम्ति पाँच घण्टा लामो मोटर यात्रा गरेर सान एन्टोनियोदेखि आएका रोशनलाल श्रेष्ठले आफ्नो अनुभव यसरी पोखे, 'संगीत, हलभित्रको माहोल प्रभावकारी बनाउन दृश्यहरूको प्रस्तुति, प्रत्येक क्षणको सदुपयोग, नेपथ्यका सदाबहार गीतहरूदेखि लिएर गायकले दिने मर्मस्पर्शी सन्देशसम्म सबै थोकको गजब समायोजन अनुभव गर्न पाइयो । मेरा निम्ति सिङ्गो प्रस्तुति एउटा अविस्मरणीय भव्य अनुभव बन्यो ।' कन्सर्ट हेर्नकै लागि राजधानी वासिङ्टन डिसीदेखि आउने सौरभ पाण्डे जस्ता दर्शक पनि थुप्रै थिए । नेपथ्यको कन्सर्ट हेर्नका लागि गरिने खर्चको एक एक पैसा चुक्ता हुने गरेको दाबी गर्ने सौरभले केही दिनमै मेरिल्यान्डमा आयोजना हुने नेपथ्य कन्सर्ट पनि हेर्न जाने अठोट जताए । कन्सर्ट सकिएपछि पनि अबेरसम्म आयोजनास्थल वरपर नेपालीहरू रमाउँदै गरेका देखिन्थे । कन्सर्टमा मुख्य गायक अमृतलाई ड्रमसेटमाव लामा, बेस गितारमा सुबिन शाक्य, गितारमा निरज गुरुङ, मादलमा शान्ति रायमाझी र किबोर्डमा दिनेशराज रेग्मीले सघाएका थिए । नेपथ्यको अमेरिका यात्राको अघिल्ला चार कन्सर्ट भव्य रूपमा सम्पन्न भएपछि अब पाँचौं प्रस्तुतिका लागि नेपथ्य न्यूयोर्क प्रस्थान गर्नेछ । यसअघि पनि पटकपटक आफूलाई यस सहरमा भव्यतासाथ उभ्याइसकेको नेपथ्यले यसपाला म्यानहटनकै फिफ्टी सिक्स्थ स्ट्रिटस्थित 'टर्मिनल फाइभ' हलमा कन्सर्ट प्रस्तुत गर्दैछ । त्यहाँ आठ वर्षको अन्तरालपछि अगस्त ३० तारिख नेपथ्य साँझ आयोजना हुन लागेको हो । पहिलो पटक प्रस्तुत हुन लागेको यो हलमा तीन हजार दर्शक अटाउने क्षमता छ । न्युयोर्कका नेपाली दर्शकहरूलाई फेरि पहिलेजस्तै रमाइलो साँझ प्रदान गर्ने अठोट ब्यान्डले लिएको छ ।

न्युयोर्कपछि मेरिल्यान्ड र अन्त्यमा पेन्सिलभेनियाको ह्यारिसबर्गमा प्रस्तुत गरेपछि यस वर्षको शृंखलाबद्ध यात्राले विश्राम लिनेछ । अमेरिकाका सबैजसो कन्सर्टमा दर्शकहरूले अनलाइनबाटै सोझै टिकट काट्न सकिने प्रबन्ध मिलाइएको छ । त्यसका लागि ब्यान्डको आधिकारिक वेबसाइट www.nepathya.com.np मार्फत् आफ्नो सिट सुरक्षित गर्न सकिनेछ ।

*-रातोपाटी डटकम*

# धेरै कमाउने फिल्मलाई क्यूएफएक्सको अवार्ड



फिल्ममार्फत उदाहरणीय कार्य गरेबापत फिल्म 'बोक्सीको घर'को निर्मात्री केकी अधिकारी अवार्ड ग्रहण गर्दै । काठमाडौं । मुलुकको सबैभन्दा ठूलो मल्टिप्लेक्स चेन क्यूएफएक्सले पछिल्लो आर्थिक वर्षमा आफ्नो हलमा धेरै व्यवसाय गर्ने फिल्म र तिनका निर्माता तथा वितरकलाई अवार्ड प्रदान गरेको छ । आइतबार होटल सोल्टीमा आयोजित समारोहमा क्यूएफएक्सको विज्ञापनमा योगदान दिने तीन विज्ञापन एजेन्सीलाई पनि अवार्ड दिइयो जसमा एडी रिलिज, म्याक्स मिडिया र अभानी कम्युनिकेसन सोलुसन छन् । पछिल्लो वर्ष क्यूएफएक्स चेनमा टिकट बिक्रीको आधारमा धेरै कमाउने ५ फिल्म पनि अवार्डबाट पुरस्कृत भए । ग्रस कलेक्सनको आधारमा धेरै कमाउने फिल्महरु महाजात्रा, बोक्सीको घर, दिमाग खराब, पुजार सार्की र भष्मे डनलाई अवार्ड प्रदान गरिएको छ । अवार्ड ग्रहण गर्न यी फिल्मका निर्माता, निर्देशक र कलाकार समारोहमा उपस्थित थिए । उदाहरणीय कार्य गरेबापत फिल्म 'बोक्सीको घर'लाई अवार्ड दिइयो । यो सम्मान ग्रहण गर्न अभिनेत्री तथा निर्मात्री केकी अधिकारी आफै मंचमा पुगेकी थिइन् । क्यूएफएक्समा धेरै कमाइ गर्ने फिल्मका ५ वितरण कम्पनीलाई पनि अवार्ड प्रदान गरिएको छ ।

पछिल्लो आर्थिक वर्षमा चेनमा धेरै कमाइ गर्ने वितरण कम्पनीमा क्रमशः एप्पल इन्टटेनमेन्ट, ए-एट् डिष्ट्रिब्युसन, ब्यांकटेस इन्टरटेनमेन्ट, एफडी कम्पनी र डीसीएन छन् । क्यूएफएक्सको माउ कम्पनी क्वेस्ट इन्टरटेनमेन्टका निर्देशकहरु नकिम उद्दिन, भाष्कर ढुंगाना र राजेश सिद्दिले अवार्ड प्रदान गरे । साथै, विभिन्न जिल्लाबाट आएका क्यूएफएक्स फ्रेन्चाइजका साझेदार र कलाकारले समेत अवार्ड वितरण गरे । क्यूएफएक्सकी प्रबन्धक तृप्ती गिरीले दुई दशकभन्दा बढी समयदेखि क्यूएफएक्सले फिल्ममार्फत नेपाली समाजलाई मनोरञ्जन दिएको बताइन् । फिल्म हेराइको गुणस्तरलाई अभिवृद्धि गर्न क्यूएफएक्स प्रतिबद्ध रहेको उनले बताइन् ।

समारोहमा किरण नेपालीले नेपाली लोकधुनलाई पशिचमा बाजासँग मिश्रण गरेर कर्णप्रिय सांगीतिक प्रस्तुति दिएका थिए । उनले आफ्ना धुनमा केही चर्चित नेपाली फिल्मका गीत पनि समावेश गरेका थिए । पूर्वमिस नेपाल नम्रता श्रेष्ठले समारोह होस्ट गरेकी थिइन् । अहिले देशभर क्यूएफएक्सका १७ हलमा ४० पर्दा छन् । नेपालमा मल्टिप्लेक्स संस्कृति विकास गर्ने श्रेय क्यूएफएक्सलाई जान्छ । कोभिडअघि क्यूएफएक्सले अवार्ड समारोह आयोजना गरिरहेको थियो । बीचमा रोकिएको अवार्डलाई पुन: निरन्तरता दिएको हो ।

*-अनलाइन खबर डटकम*

# 'खुस्मा'को 'रुकुम मैकोट' गीतमा धीरज र उपासनाको छमछमी



संविधान दिवसको विदा पारेर आगामी असोज ३ गतेदेखि प्रदर्शन हुन लागेको फिल्म 'खुस्मा'को दोस्रो गीत सार्वजनिक गरिएको छ । पहिलो गीत 'खुसीका फूल बटुलेर'ले युट्युबमा राम्रो भ्यूज र प्रतिक्रिया बटुलिरहँदा आइतबार काठमाडौंमा एक कार्यक्रमका बीच 'रुकुम मैकोट' बोलको लोकलयको गीत सार्वजनिक गरिएको हो । गीतको बोलझैँ रुकुमको मैकोटमै यसको छायांकन भएको हो । सुरेन राईको कोरियोग्राफी रहेको गीतमा फिल्मका मुख्य अभिनेता धीरज मगर र अभिनेत्री उपासना सिंह ठकुरी परम्परागत मगर पहिरनमा नृत्य गर्दै देखिएका छन् । उनीहरुको प्रेमभाव गीतले बोल्छ । एसडी योगीको संगीत र सुरेन्द्र रानाको शब्द रचना रहेको गीतमा शान्तिश्री परियारलाई गायनमा एसडीले नै सघाएका छन् । अडियो पक्ष राम्रो रहेको गीत कोरियोग्राफीमा चुकेको देखिन्छ । गीत सार्वजनिक कार्यक्रममा धीरजले फिल्मको स्क्रिप्ट पढ्दा नै आफ्नो मन छोएको बताए । 'एकदमै मनछुने कथा छ । वर्कसपमा स्क्रिप्ट पढ्दा पनि हामी रुन्थ्यौं । मलाई यो फिल्ममा काम गर्न स्क्रिप्टले आकर्षित गरेको हो,' उनले भने । गाउँको चरित्रमा काम गर्न गाह्रो भएको पनि उनले अनुभव सुनाए । तर, आफ्नो बुबा-आमाको गाउँको कथामा काम गर्न पाएकोमा धीरजले खुसी व्यक्त गरे । उपासनाले पनि स्क्रिप्ट सुन्ने बेलामा आफू रोएको स्मरण गरिन् । 'निर्देशकले स्क्रिप्ट सुनाउँदा नै म रोएकी थिएँ । सिनहरू त्यस्तै छ,' उनी भन्छिन्, 'मलाई इमोसनल सिनहरू गर्न एकदमै मनपर्छ । अभिनय मेरो लागि थेरापी जस्तो पनि हो ।' उनले रुकुमको मैकोट क्षेत्रमा बोलिने लवज टिप्न त्यहाँका स्थानीयहरूलाई नै साथी बनाएकी रहेछिन् । त्यसले गर्दा केही सजिलो भएको उनी सुनाउँछिन् । अशोक थापा मगरको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा माओत्से गुरुङ, खड्कबहादुर पुन (खबपु), सुजाता राई, राज थापा काउचा, विजय सुब्बा, अस्तित्व भट्टचन, सारा राई आदिको पनि अभिनय छ । दीपक बज्राचार्यको छायांकन रहेको फिल्मको निर्माताामा वीरबहादुर लामा, चन्द्र भट्टचन, मानबहादुर धनाह मगर र बेतान मगर छन् भने सह-निर्मातामा सुस्मिता बुढाथोकी छन् ।

*-फिल्मी खबर डटकम*

# बलिवुड फिल्म स्त्री-२ ले कति कमायो ?



फिल्मले रिलिजको पहिलो नवौं दिन शुक्रबार १९ करोड ३० लाख कमाई गरेको छ । फिल्म विश्लेषक तरण आदर्शका अनुसार फिल्मले अहिलेसम्म ३२७ करोड ३० लाख कमाई गरिसकेको छ । फिल्मले रिलिजको पहिलो दिन विहिबार ५५ करोड ४० लाख कमाई गरेको थियो। त्यस्तै फिल्मले बुधबार पेड रिभ्यु र प्रिमियरबाट ९।४० करोड कमाई गरेको थियो । त्यस्तै फिल्मले शुक्रबार ३५.३० करोड, शनिबार ४५ करोड ७० लाख, आइतबार ५८ करोड २० लाख,सोमबार ३८ करोड ९० लाख, मंगलबार २६ करोड ८० लाख, बुधबार २० करोड ४० लाख र विहिबार १८ करोड २० लाख कमाएको थियो । करिब ५० करोडको लागतमा बनेको यो फिल्मले पहिलो दिनमा नै आफ्नो लागत उठाएको छ। यसअघि बनेको स्त्रीले आफ्नो पहिलो सातामा ६० करोड ३९ लाख कमाई गरेको थियो, जबकी स्त्री-२ ले पहिलो दिनमा नै सो अंकलाई पछाडी पारेको थियो । अमर कौशिकले निर्देशन गरेको स्त्री(२ मा श्रद्धा कपूर, राजकुमार राव, पंकज त्रिपाठी, अभिषेक बेनर्जीलगायतको अभिनय रहेको छ ।

*-डिसी नेपाल डटकम*

# अब असोज ११ मा 'सानो संसार'

चलचित्र 'सानो संसार' अब असोज ११ मा देशभरका सिनेमाघरमा आउने भएको छ । यसअघि असोज १७ गते अर्थात् घटस्थापनामा आउने भनिएको यो चलचित्र अब एक हप्ता अगाडि नै हलमा लाग्ने भएको हो । आइतबार एउटा पोष्टरमार्फत् आगामी असोज ११ गतेलाई नयाँ प्रदर्शन मिति घोषणा गरिएको हो ।

निर्माता अर्जुन कुमारको यो चलचित्र पारिवारिक कथावस्तुमा निर्माण भएको छ । चलचित्रमा हाँस्य कलाकार केदार घिमिरे'माग्ने बुढा'की श्रीमती सीतादेवी तिमल्सेनाको मुख्य भूमिका छ भने राज पंगेनी शर्मा, अनु दाहाल, अन्जसा रिजाल शिशिर सिवाकोटीलगायतको पनि अभिनय छ । सिद्धार्थ पुडासैनीको लेखन तथा निर्देशन रहेको चलचित्रको स्क्रिप्ट लेखनमा निर्देशक पुडासैनीलाई सरिष्मा पुडासैनीले सघाउनु भएको छ ।

राजधानी मिडिया एड प्रोडक्सन एवं प्रिन्सेस मूभिजको ब्यानरमा सिनेमा निर्माण भएको चलचित्रका कार्यकारी निर्मातामा माधव वाग्ले हुनुहुन्छ । यसअघि सन् २००८ मा पनि 'सानो संसार' शीर्षकमा चलचित्र बनेको थियो । त्यही शीर्षक सापटी लिएर भिन्न कथामा निर्माता कुमारले यो चलचित्र निर्माण गरेका हुन् ।

*-इहिमालय टाइम्स डटकम*


**भवन निर्माणका लागि जग्गा खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८१/०५/११**

**नेपाल रेडक्रस सोसाइटी पाल्पा जिल्ला शाखा अन्तर्गत ब्लड बैंक भवन निर्माणका लागि जग्गा बोलपत्रको माध्यमबाट खरिद गर्नको लागि दोस्रो पटक सम्म सूचना प्रकाशित गर्दा समेत कुनै पनि आवेदन नपरेकाले पुन:संशोधन सहित तेस्रो पटक सूचना प्रकाशित गरिएकोले ईच्छुक जग्गाधनीले बिक्री गर्ने जग्गाको लालपुर्जा, नागरिकताको प्रतिलिपि र नापी नक्शासहित आफूले बिक्री गर्ने मूल्य उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।**

**विस्तृत विवरण कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।**

**नेपाल रेडक्रस सोसाइटी**
**पाल्पा जिल्ला शाखा**

